मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पञ्चायतकालको नालीबेली: पृष्ठ २मा

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : ३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस १० गते शनिवार (Saturday, December 25. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-




भद्रपुरमा तस्करी धन्दा

## एसएसबीद्वारा १० पोका कपडा बरामद



**झापा, पुस ९।** पछिल्लो समयमा भद्रपुर सीमा नाकाबाट भन्सार छलेर तस्करीको माध्यमबाट धमाधम लत्ताकपडा नेपाल भित्रिरहेको छ ।

भद्रपुर भन्सार कार्यालयका प्रमुखसहित चारजना कर्मचारीबिरुद्ध राजश्व अनुसन्धान विभागले भने राजश्व चुहावट गर्न सहयोग गरेको अभियोगमा अदालतमा मुद्दा दायर गरेको छ ।

भन्सार प्रमुखसहित कर्मचारीबिरुद्ध मुद्दा दायर भएपछि हाल भन्सारमा कार्यरत कर्मचारीले भन्सारमा आउने सरसामान चेकजाँचमा कडाइ गरी सरकारले तोके अनुसारको राजश्व असुल्न थालेपछि यहाँका कारोबारी र व्यापारीले तस्करीको माध्यमबाट सरसामान भित्र्याउन थालेका हुन् ।

सीमामा तैनाथ सशस्त्र र नेपाल प्रहरीकै मिलेमतोमा उनीहरूले तस्करी धन्दा चलाइरहेको बेला भारतीय एसएसबीले बिहीबार मध्यरातमा करिब ४ लाख मूल्य बराबरको लत्ताकपडा भद्रपुर सीमा नाकाबाट बरामद गरेको छ । एसएसबी ४१ बटालियन भातगाँउबाट खटिएको टोलीले भद्रपुर-५ स्थित मेची पुल उत्तर सीमा पिलर १०१ र १० नजिकैबाट १० पोका लत्ताकपडा

*(बाँकी अन्तिम पृष्ठमा)*

# अलपत्र सडक, स्थानीय आन्दोलित

**झापा, पुस ९।** समयमा रकम निकासा नभएको कारण देखाउँदै निर्माण व्यवसायीले शनिश्चरे-खुदुनावारी सडक कालोपत्रे नगर्दा स्थानीयवासी आन्दोलित बनेका छन् ।

शनिश्चरे बजारदेखि नारायणचौक, गढी, मदनपुर, खुदुनावारी उत्तर सुखानीसम्म झण्डै नौ किलोमिटर सडक निर्माणको काम २०७५ साल असार २७ गते दी कञ्चनजंघा-शेर्पा-कञ्चनजंघा जेभीले जिम्मा लिएको थियो ।

२०७७ साल असार मसान्तसम्ममा सडक निर्माण सम्पन्न गरिसक्ने सम्झौता भएपनि हालसम्म सडक निर्माणको काम (कालोपत्रे) सम्पन्न नहुँदा त्यस क्षेत्रका स्थानीय आन्दोलित भएका हुन् । निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगर्दा धुलोले पिरोलेको भन्दै स्थानीयले शनिश्चरे बजार उत्तर बाह्रदशी पुलमा ढाट लगाएर सडक नै अबरुद्ध गरेका छन् ।

निर्माण व्यवसायीले खुदुनावारी दक्षिण आना पेट्रोल पम्पसम्म सडक कालोपत्रे गरेपनि पेट्रोलपम्प दक्षिण कालोपत्रे नगर्दा समस्या आएको नेपाली कांग्रेस अर्जुनधारा नगर उपसभापति चतुर्भुज काफ्लेले बताए । उनले भने- निर्माण व्यवसायीले समयमै काम सम्पन्न नगर्दा यहाँका नागरिकले सास्ती झेल्नु परेको छ, यो समयमा सडकको मात्रै दुर्दशा होइन सडक आसपासका नागरिकको उठिबास नै लागेको छ । सडकमा सवारी गुड्दा त्यसको धुलोले कति पिरोल्दो हो, तपाई आफैं सोच्नुहोस्- काफ्लेले भने- 'धुलो खपेर बस्ने हो भने



श्वासप्रश्वासमा समस्या तत्कालै निम्तिन सक्छ ।'

नौ करोड रुपैयाँको लागतमा सडक निर्माणको काम (कालोपत्रे) भइरहेको छ । समयमा बजेट निकासा नभएर सडक निर्माण कार्य रोकिएको बताउँदै कम्पनीका सञ्चालक फुर्तेम्बा शेर्पाले चैत मसान्तसम्ममा सडक कालोपत्रे गरिसक्ने गरी पुनः समय थप गरेका छन् । समय थप गरे पनि उनले सडक कालोपत्रे नगर्दा समस्या निम्तिएको हो ।

२०७२ सालमा न्याप थ्री अन्तर्गत सो सडक कालोपत्रे गर्ने चर्चा थियो । तर, मुलुक संघीयतामा गएसँगै कार्यालय समायोजन हुँदा संघीय सरकार मातहतमा रहेर काम गर्ने भनिए पनि प्रदेश सरकारले यस आयोजनालाई हेरेको बताइएको छ । भौतिक पूर्वाधार विकास कार्यालय झापाको प्रत्यक्ष निगरानीमा निर्माण भइरहेको यो सडकको नियमन फितलो हुँदा निर्माण व्यवसायीले सडक कालोपत्रे गर्न ढिलाइ गरेको स्थानीयको आरोप छ ।

समयमा सडक कालोपत्रे नगरेको भन्दै अर्जुनधारा नगरका स्थानीयवासीले पटक-पटक यो सडक अवरुद्ध पारेका छन् । तर, नियमनकारी निकायले आलटाल गर्दै सडक कालोपत्रे गर्ने समयअवधि थप गरेसँगै स्थानीयले भने सास्ती झेल्दै आएका हुन् ।

तत्कालै सडक निर्माण गरिने भन्दै शनिश्चरे बजार क्षेत्रमा रहेका घर टहरा समेत हटाइएको थियो । कतिपय भौतिक संरचना पूर्ण रुपमा भत्काइएको छ भने कतिपय आंशिक रुपमा भत्किएका छन् । तर, सडक कालोपत्रेको काम भने महिनौंदेखि हुन सकेको छैन । शनिश्चरे वजार क्षेत्रभित्र ४६ फिटे सडक बनाइने भनेसँगै त्यहाँका भौतिक संरचना हटाइएको थियो । तर, सडक निर्माणको जिम्मा लिएको दि कञ्चनजंघा जेभीले समयमा बजेट निकासा नभएको भन्दै निर्माण कार्य रोकेको हो ।

समयमा सडक कालोपत्रे नहुँदा झापा आन्दोलनका योद्धाको शहादतस्थल सुखानी पार्क हुँदै इलाम जोडिने यो सडक वर्षौंदेखि हिउँदमा धुलाम्मे र बर्षात्को समयमा हिलाम्मे हुने गरेको छ ।


जनप्रतिनिधिले सो सडक निर्माणका लागि पहल गर्न चासो नदेखाएको स्थानीयले दुःखेसो गरेसँगै अर्जुनधारा नगरपालिका वडा नम्वर ७ र ८ का जनप्रतिनिधिले समेत नेपाली कांग्रेस प्रदेश १ का सभापति उद्धव थापाको ध्यानाकर्षण गराउँदै जतिसक्दो चाँडो सडक निर्माणको पहल गर्न आग्रह गरे ।

शुक्रवार थापाकै निवासमा स्थानीयसहित पुगेका अर्जुनधारा नगरपालिका-७का वडाध्यक्ष नवराम ढुङ्गाना र वडा नम्वर ८का वडाध्यक्ष गोपीचन्द्र गौतमले जतिसक्दो चाँडो सडक कालोपत्रे गर्न पहल गरिदिन आग्रह गरे । वडाध्यक्षद्वयसंगै थापाको

*(बाँकी अन्तिम पृष्ठमा)*

नेका १४औं महाधिवेशन

# महामन्त्री शर्मासहित झापाका पाँच जना निर्वाचित



विश्वप्रकाश शर्मा | केशवकुमार बुढाथोकी | सरिता प्रसाई | महेन्द्रकुमारी सुब्बा | सुशीला ढकाल

**झापा, पुस ९।** नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा झापाबाट महामन्त्रीसहित पाँच जना पदाधिकारी निर्वाचित भएका छन् ।

निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै १३४ जनाको केन्द्रीय पदाधिकारीमा झापाबाट पाँच जना चुनिएका हुन् । झापाबाट महामन्त्री पदमा विश्वप्रकाश शर्मासहित महिला खुल्ला तर्फ सरिता प्रसाई र सुशीला ढकाल निर्वाचित भएका हुन् । खुल्ला महिला कोटा ९ जनाको रहेको छ ।

त्यस्तै खस आर्यतर्फ ५ महिलासहित १३ जनाको कोटामा केशवकुमार बुढाथोकी निर्वाचित बनेका छन् ।

यता प्रदेश सदस्यका रुपमा महिन्द्रा कुमारी लिम्बू निर्वाचित भएकी छिन् । सातवटै प्रदेशबाट तीन/तीन जनाका दरले सदस्य चुन्ने कांग्रेसको विधानमा उल्लेख छ । सोही विधान अनुसार भएको निर्वाचनमा देशभरका २१ प्रदेश सदस्य मध्ये लिम्बू झापाबाट चुनिएकी हुन् । उनीसँगै प्रदेश १ बाट अमृत अर्याल र राजीव कोइराला केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् ।

**कुन समूह बलियो ?**

महाधिवेशनबाट १३ पदाधिकारीमध्ये ८ जना सभापति शेरबहादुर देउवा पक्षधर विजयी भएका छन् । ४ जना डा. शेखर कोइराला र १ जना प्रकाशमान सिंह पक्षधर चयन भएका छन् ।

केन्द्रीय सदस्यमा दुई तिहाईभन्दा बढी देउवा पक्षधर बिजयी भएका छन् । खुल्लातर्फको ३५ मध्ये २४ जना देउवा पक्षका बिजयी भए । ९ जना कोइराला पक्ष र १ तटस्थ निर्वाचित भए । प्रदेशहरुमा पनि देउवा पक्षधर केन्द्रीय सदस्य दुई तिहाईभन्दा बढी निर्वाचित भए । यो संगै देउवा समूह बलियो देखिएको छ ।

**कांग्रेसका १३४**

**केन्द्रीय नेता को–को हुन् ?**

**सभापति-** शेरबहादुर देउवा

**उपसभापति-** पूर्णबहादुर खड्का र धनराज गुरुङ

**महामन्त्री-** गगन थापा र विश्वप्रकाश शर्मा

सहमहामन्त्री- महालक्ष्मी उपाध्याय 'डिना', जीवन परियार, बद्री पाण्डे, फरमुल्लाह मन्सुर, भीष्मराज आङ्देम्बे, किशोरसिंह राठोर, महेन्द्र यादव, उमाकान्त चौधरी

**केन्द्रीय सदस्यहरु**

**खुलातर्फ-** ३५ जना

सशांक कोइराला, एनपी साउद, बालकृष्ण खाँण, उदय शमशेर राणा, रामहरि खतिवडा, ज्ञानेन्द्रबहादुर कार्की, रमेश लेखक, शंकर भण्डारी, जिपछिरिङ लामा, अर्जुननरसिंह केसी, जितजङ्ग बस्नेत, गोपालमान श्रेष्ठ, मोहनबहादुर बस्नेत, सुनिलबहादुर थापा, नैनसिंह महर, दिलेन्द्रप्रसाद बडू, रामशरण महत, बलबहादुर केसी, गोविन्द भट्टराई, कुन्दनराज काफ्ले, दीपक गिरी, सुरेन्द्रराज पाण्डे, पद्मनारायण चौधरी, राजीव ढुंगाना, गुरु बराल, सञ्जयकुमार गौतम, गोविन्दराज पोखरेल, मदनबहादुर अमात्य, अजयबाबु शिवाकोटी, गणेश लामा, दिनेश कोइराला, उमेशजङ्ग रायमाझी, मोहन आचार्य, गोपाल दहित र कृष्णकिशोर घिमिरे ।

**महिला खुलातर्फ-९ जना**

डिला संग्रौला, पुष्पा भुसाल, आरजु राणा देउवा, अम्बिका बस्नेत, ईश्वरी न्यौपाने, सरिता प्रसाई, रमा कोइराला पौडेल, सुशीला ढकाल आचार्य, रंगमति शाही ।

**आदिवासी जनजाति–७ महिलासहित १५ जना**

चिनकाजी श्रेष्ठ, उमेश श्रेष्ठ, बहादुरसिंह लामा, दिलमान पाखिन, टेकबहादुर गुरुङ, आङ्गेलु सेर्पा, तारामान गुरुङ, टेकप्रसाद गुरुङ, सीता गुरुङ, अञ्जनी श्रेष्ठ, सरस्वती बजीमय, गंगा लक्ष्मी, माया राई, सीता राना र सुशीला थिङ ।

**खस आर्य– ६ महिलासहित १३ जना**

केशवकुमार बुढाथोकी, गोविन्दबहादुर शाह, भीम पराजुली, मधु आचार्य, श्यामकुमार घिमिरे, नारायणबहादुर कार्की, गेहेन्द्र गिरी, मञ्जु खाँण, प्रतिमा गौतम, नानु बाँस्तोला, कान्तिका सेजुवाल, चम्पादेवी खड्का र विद्यादेवी तिमिल्सिना ।

**दलिततर्फ–४ महिलासहित ९ जना**

मानबहादुर नेपाली, प्रकाश रसाइली 'स्नेही', हरिशरण नेपाली, नृपबहादुर वड, मैकुलाल बाल्मीकि, लक्ष्मी परियार, सुजाता

*(बाँकी अन्तिम पृष्ठमा)*

## सवारी दुर्घटनामा मृत्यु

**सुनसरी, पुस ९।** सुनसरीको इटहरी उप-महानगरपालिका-४स्थित कोशी लोकमार्गमा ट्रकको ठक्करबाट महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सुनसरी इटहरी उप-महानगरपालिका-४ की ६५ बर्षीया देबी खड्का रहेकी छिन् । धरानतर्फ जाँदै गरेको प्रदेश १-०२- ००१ ख ८६५२ नम्बरको ट्रकले पैदलयात्री खड्कालाई ठक्कर दिएको थियो । घाइते खड्काको उपचारको क्रममा धरान घोपामा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटना गराउने ट्रक र चालक तेह्रथुम जिरीखिम्ती-६का पेम्वा सेर्पालाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

**होटल एण्ड लज बिक्री**

झापाको दमक–८ पशुहाटमा रहेको चालू अवस्थाको ग्रिन भिलेज होटल एण्ड लज सस्तो र सरल शर्तमा बिक्री या भाडामा छ । साथै होटल भएको घर, भिटा तथा जग्गासँग साट्ने इच्छुक व्यक्तिले पनि सम्पर्क गर्नुहोला ।

**सम्पर्क : ९७४६८७४३८८, ९८१७९९१२४३, ९८२५९५०२६३**

**फ्ल्याट भाडामा**

आवास तथा कार्यालयका लागि व्यवस्थित पार्किङ एवम् सुरक्षित कम्पाउण्डवालसहितको घरमा फ्ल्याट खाली छ ।
बाल्मीकि स्कूलबाट ठीक उत्तर (दुर्गा पाञ्चायन टोल)
आवश्यक हुनेले तु–सम्पर्क गर्नुहोला ।

**मोबाइल नं. : ९८२३७२६९७९**




**उदयशिल महिला बचत तथा ऋण सहकारी संस्था लि.**
भद्रपुर रोड (बिर्तामोड, झापा)को

**बजार प्रतिनिधि आवश्यकता**

यस सहकारी संस्थालाई निम्न स्थानका लागि बजार प्रतिनिधि चाहिएको हुनाले इच्छुकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध छ ।

**स्थान :** गरामनी क्षेत्र (१ जना), बिर्तामोड क्षेत्र (१ जना)
शनिश्चरे क्षेत्र (१ जना) चारपाने क्षेत्र (१ जना)

**योग्यता :** एसएलसी पास उमेर : १८ वर्षदेखि ३५ वर्षसम्म

**आवश्यक कागजात :** एसएलसी पास प्रमाणपत्र, नागरिकताको फोटोकपी, पासपोर्ट साइजको फोटो

**सम्पर्क : ०२३–५३२६७२(कार्यालय समयभित्र)**

**JOB OPPORTUNITY**

We are on the lookout for qualified, experienced and dynamic professionals for the subsequent positions.

1. Primary Coordinator
2. Computer Science Teacher
3. Nepali Teacher

**Requirements**

- Minimum Bachelor's Degree in related area, Master's preferred.
- Minimum 3 years of working experience in English Medium Schools.
- Well Versed in latest teaching pedagogy.
- Excellent communication and interpersonal skills.
- English language proficiency for all subjects, except Nepali.

**Interested candidates can apply with a cover latter and an updated CV latest by 17th Poush, 2078 to the following address.**

**Only short-listed candidates will be called for the interview.**

**Takshashila Education Foundation**
Birtamode-6, Ghantibari, Jhapa, Nepal
(Phone :- 023-543211, Mo.: 9841457199)

# महासंघको स्थापना दिवस मनाइयो



**बिर्तामोड, पुस ९।** नेपाल पत्रकार महासंघ झापाले 'अबको पत्रकारिता र हाम्रो भूमिका' बिषयक अन्तरक्रिया कार्यक्रम गरेको छ ।

महासंघ झापाको ३३औं स्थापना दिवसका अवसर पारेर शुक्रबार बिर्तामोडमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्षहरु, अग्रज पत्रकार, झापाका पत्रकारका संघ-संगठनका अध्यक्ष, प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

महासंघले ३३औं स्थापना दिवसको ३३ वटै मोमबत्ती बालेर उद्घाटन गरेको थियो । स्वागत महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए ।

कार्यक्रममा अग्रज पत्रकार गोविन्दचन्द क्षेत्री, केशव आचार्य, चिन्तामणि दाहाल, कृष्ण हुमागाँई, मोहनकाजी न्यौपाने, लीला बराललगायतले झापाको पत्रकारिताको स्थापना र आजको पत्रकारिताका चुनौति, अवसर र महासंघले गर्नुपर्ने कार्यका विषयमा सुझावसमेत दिएका थिए ।

कार्यक्रममा अग्रज पत्रकार गोपाल गिरी, लक्ष्मण ढकाल, गञ्जबहादुर दाहाललगायत जिल्लाका विभिन्न संघ-संगठनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# बाल सुधारगृह सुधारको पर्खाइमा

**काठमाडौं, पुस ९।** अपराध मुद्दामा संलग्न बालकलाई राखिएको 'बाल सुधारगृह' सुधारको पर्खाइमा छ ।

विराटनगर महानगरपालिका-५ मा अवस्थित सो सुधारगृह एक बिगाह क्षेत्रफलमा एक चमेनागृह, कक्षा ५ देखि १० सम्मको सामुदायिक विद्यालय र एक प्रशासनिकसहित आवासीय गृह तथा एक भण्डारण गृह छन् ।

युसेपको व्यवस्थापनमा वि.सं. २०७० देखि सञ्चालनमा आएको सो गृह ५० बालक अट्ने क्षमताको भए पनि अहिले २०२ बालक छन् । विभिन्न अपराधमा संलग्न यी बालकमध्ये धेरैजसो करणी मुद्दामा दोषी करार भएर बाल सुधारगृह आएको सुधारगृहका प्रमुख मिलन चौहानले जानकारी दिए ।

सुधारगृह सञ्चालनमा आएदेखि नै विभिन्न समस्या खेपिरहेको सो गृहमा तत्काल बसेर खाना खानका लागि जगदीश अग्रवालले सञ्चालनमा ल्याएको गोर्धनदास परोपकारी संस्थाबाट रु. छ लाखको लागतमा एक ट्रष्ट निर्माण भइरहेको छ । यसमा बसेर खानका लागि आवश्यक टेबल र बेन्चको पनि व्यवस्था गरिएको छ ।

बालगृहमा रहेका बालकको गुनासोलाई सम्बोधन गर्न प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको समन्वयमा रु. ९५ हजारको लागतमा ५५ इन्चको एक एलसीडी टेलिभिजन व्यवस्थापन गरिएको छ । प्रमुख जिल्ला अधिकारी दाहाल, सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल र प्रहरी उपरीक्षक जनार्दन जिसीसहितको टोलीले सो टेलिभिजन हस्तान्तरण गर्दै बाल सुधारगृहलाई क्रमशः सुधार गर्दै लैजाने प्रतिबद्धता जनाए ।




बाल सुधारगृहको भौतिक पूर्वाधारको विकास गर्न प्रदेश सरकारले यसै वर्ष दिएको रु. ५० लाख लागतमा निर्माण गरिने भवनको केही पाटोमा त्रुटी देखिएकाले भवन निर्माणको काम रोकिएको र यसमा थप बजेट व्यवस्था गरी भवनलाई पूर्णता दिने सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए ।

कक्षा ५देखि १० सम्मको सामुदायिक विद्यालयमा तीन जनामात्र शिक्षक छन्, शिक्षकको सङ्ख्या बढाउनुपर्‍यो, १० कक्षा उत्तीर्ण गरेका बालकलाई १० जोड दुईको अध्ययन हुने व्यवस्था गृहभित्रै व्यवस्थापन हुनुपर्ने बालकको माग पूरा हुनुपर्‍यो- चौहानले भने । उनले १८ वर्षमुनिका बालकमात्रै रहने यो गृहमा आएका बालक १८ वर्ष उमेर पार गरेपछि यही राख्न आवश्यक कर्मचारी र सुरक्षाको व्यवस्था हुनुपर्नेमा जोड दिए ।

बाल सुधारगृहमा रहेका बालकलाई उचित ज्ञान दिन दक्ष मनोविमर्शकर्ताको आवश्यकतालाई पूरा गर्नुपर्ने सुधारगृहकै अर्का कर्मचारी सरोज निरौलाले बताए । उनले यी कलिला बालक सुधारगृहमा आइसकेपछि उनीहरूको चौतर्फी विकास गर्न र भोलिका दिनमा समाजमा असल नागरिक भएर बस्न सरकारले सुधारगृहको आवश्यकतामा ध्यान दिनुपर्नेमा जोड दिए ।

प्रमुख जिल्ला अधिकारी दाहालले बाल सुधारगृह नामले नै सुधार गर्नुपर्ने देखिएकाले यसमा आवश्यक पूर्वाधार, दरबन्दी र बालकलाई उचित वातावरण प्रदान गर्न भरपूर मद्दत गर्ने जानकारी दिए ।

# '८३' मा किन छानिइन् दीपिका ?



१९८२ को विश्वकप क्रिकेट भारतले जितेको विषयमा फिल्म बनेको छ । बुधबार यो फिल्मको विशेष शो राखिएको थियो । यो शोमा फिल्ममा अभिनय गरेका कलाकार र सन् १९८३ मा विश्वकप क्रिकेट जितेका टिमका खेलाडी सहभागी थिए । फिल्ममा अभिनेता रणवीर सिंहले कपिल देवको भूमिका निर्वाह गरेका छन् ।

फिल्म हेरेपछि अभिनेत्री उर्मिला कोठारेले फिल्मको तारिफ गरेकी छन् । '८३ उत्कृष्ट फिल्म हो । वास्तविक जीवन र रिल जीवनको उत्कृष्ट संगम । कपिल देवको भूमिकामा रणवीरले राम्रो काम गरेका छन् । तारिफका लागि मसँग शब्द छैन । सबै अभिनेताहरु र अभिनेत्रीहरुले आफ्नो भूमिका निभाउनका लागि कुनै कसर बाँकी राखेका छैनन्'- उर्मिलाले ट्वीट गरेकी छन् ।

फिल्मका निर्देशक कबीरले हालै एक अन्तरवार्तामा दीपिका पादुकोणको भूमिकाका बारेमा बोलेका थिए । फिल्ममा दीपिकाले कपिल देवकी श्रीमती रोमी भाटियाको भूमिकामा अभिनय गरेकी छन् ।

सन् २०१८मा विवाह पछि दिपीका र रणवीरले सँगै फिल्ममा अभिनय गरेका थिएनन् । विवाहपछि उनीहरुका लागि '८३' पहिलो सहकार्य हो । कबीरले दीपिकालाई फिल्ममा अनुबन्धित गर्नु पछाडिको कारण रणवीरको पत्नी भएर नरहेको दाबी गरेका छन् ।

वास्तविक जीवनमा जोडी पहिलोपटक विवाहपछि सँगै पर्दामा देखिँदैछन् । दीपिकाको रणवीरसँग विवाह नभएको अवस्थामा पनि म यो भूमिकाका लागि दीपिकासँग कुरा गर्न जान्थें । दीपिका कमालकी अभिनेत्री हुन् । उनको उपस्थिति फिल्ममा जबरजस्त हुन्छ ।

रोमी देवको भूमिका स्क्रिनमा धेरै देखिँदैन । तर, जति देखिन्छ, त्यो अहम् छ । केही वर्ष पहिले मैले कपिल र रोमीलाई भेटेको थिएँ। त्यो बेला कपिल रोमीबिना अधुरो छन् जस्तो लागेको थियो । १९८३ सम्मको यात्रा रोमी बिना कपिलको अधुरो नै हुन्छ'- कबीरले भनेका छन् ।

# राउत मुख्यमन्त्रीका आर्थिक सल्लाहकार

**पथरीशनिश्चरे, पुस ९।** विराटनगरका उद्योगी राजेन्द्र राउत प्रदेश नं. १ सरकारका मुख्यमन्त्री राजेन्द्रकुमार राईको आर्थिक सल्लाहकारका रूपमा नियुक्त भएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य समेत रहेका प्रदेश १का उपाध्यक्ष उद्योगी राउतलाई मुख्यमन्त्री राईले बुधबार आफ्नो आर्थिक सल्लाहकारमा नियुक्त गरेका हुन् । आर्थिक सल्लाहकार नियुक्त भएका राउतले प्रदेश १ को आर्थिक विकासका लागि मुख्यमन्त्री राईसँगको सल्लाह र परामर्शमा आफूले सकेको साथ दिने प्रतिवद्धता जाहेर गरेका छन् ।

कृषि र जलविद्युत्का लागि प्रशस्त सम्भावना बोकेको प्रदेश भएको भन्दै उनले त्यस क्षेत्रमा लगानी बृद्धि गर्न र देखिएका समस्या समाधान गर्न सरकारलाई आवश्यक सहयोग गर्ने बताए । प्रदेश १ मा उदाउँदो उद्योगीका रुपमा स्थापित भएका राउतले आफू कुनै पनि राजनीतिक दल नजिक नभएको दाबी गर्दै आएका थिए । राउत देशकै स्थापित उद्योगीको रुपमा चिनिन्छन् । सामाजिक क्षेत्रमा समेत उल्लेख्य भूमिका रहँदै आएका राउत स्वतन्त्र र स्वच्छ आचरण भएका उद्योगीको रुपमा समेत परिचित छन् ।

# पुस २५ गतेदेखि भद्रपुरमा मेयर कप

**भद्रपुर, पुस ९।** भद्रपुरमा अन्तर वडास्तरीय दोस्रो मेयर कप प्रतियोगिता हुने भएको छ ।

नगर खेलकुद विकास समिति अध्यक्ष श्यामकुमार राउतको अध्यक्षता तथा खेलकुद संरक्षक मेयर जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा शुक्रबार बसेको बैठकले विभिन्न विधाका प्रतियोगिताको मिति तोकेको छ ।

बैठकले अन्तर वडास्तरीय मेयर कप कबड्डी प्रतियोगिता यही पुस २५ देखि ३० गतेसम्म, प्रथम उपमेयर अन्तर वडा स्तरीय भलिबल प्रतियोगिता पुस २५देखि २७ गतेसम्म, मिनी म्याराथन (सडक दौड) १० किलोमिटर र ५ किलोमिटर पुस २५ गते, फुटबल प्रतियोगिता माघ ३ गतेदेखि र क्रिकेट प्रतियोगिता माघ १८ गतेदेखि गर्ने निर्णय गरेको हो । खेलकुदका प्रतियोगिताहरू आयोजनाका लागि बजेट नगरपालिकासँग माग गर्ने र वडा-वडामा प्रतियोगिताको लागि पूर्व तयारी गर्न जानकारी गराउने निर्णय भएको जनाइएको छ ।

बैठकमा उपमेयर चन्द्रमाया श्रेष्ठ, वडा अध्यक्ष प्रेमबहादुर बरुवाल, कुमार श्रेष्ठ, रतिया राजवंशी, डम्बरसिंह कुवर, गोपालकृष्ण मैनाली, खोमाकुमारी दाहाल, राजन भट्टराई, यामकुमार लिम्बू, बुद्धिमान राई, शौरभ प्रधान, राजु दाहाल, कविता गुरुङ, पूर्णमाया सुब्बा र दिलीप भुइँमाली, प्रेमबहादुर भुजेल, योगेन्द्र पौडेल, भरत यादव लगायतको उपस्थिति रहेको सञ्चार संयोजक गंगा बरालले जानकारी दिइन् ।

# बैगुनधुरामा अस्थायी प्रहरी चौकी

**झापा, पुस ९।** झापाको गौरादह नगरपालिका वडा नम्बर ९ बैगुनधुरामा अस्थायी प्रहरी चौकी स्थापना भएको छ ।

लामो समयदेखिको बैगुनधुराबासीको मागलाई सम्बोधन गर्दै जिल्ला प्रहरी कार्यालय झापाले बिहीवारदेखि बैगुनधुरामा अस्थायी प्रहरी चौकीको स्थापना गरेको हो । लगभग १० हजार जनसंख्या रहेको वडामा यसअघि करिव १८ किलोमिटर दुरीमा रहेको इलाका प्रहरी कार्यालय झिलझिलेले सर्वसाधारणको जीउधनको सुरक्षा गर्दै आएको थियो । गौरादह नगरपालिका वडा नम्बर ९ साविकको बैगुनधुरा गाविस हो ।

कृषि, शिक्षा, स्वास्थ्य, विद्युत्, पशु लगायतका सरकारी कार्यालय रहेको बैगुनधुरा र आसपासका गाउँमा प्रहरी चौकी स्थापना भएपछि स्थानीयबासिन्दाले सुरक्षाको प्रत्याभूति गर्न पाउन थालेका छन्। प्रहरी कार्यालय स्थापनाका लागि त्यहाँका स्थानीयले यसअघि जिल्ला प्रहरी, प्रदेश प्रहरी र संघीय प्रहरी कार्यालयमा लिखित माग गरेका थिए। स्थानीयवासीको माग र बैगुनधुरामा प्रहरीको भौतिक उपस्थिति राख्न अस्थायी प्रहरी चौकी स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख एसपी शानुराम भट्टराईले बताए ।




प्रहरी सहायक निरीक्षक कुमार कटुवालको नेतृत्वमा ६ जना प्रहरी बिहीबारदेखिनै नव स्थापित अस्थायी प्रहरी चौकीमा कार्यरत छन् । इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक ध्रुवनारायण श्रेष्ठका अनुसार साविकको उपस्वास्थ्य चौकी बैगुनधुराको भवनमा प्रहरी चौकी रहेको छ ।

सोही कार्यालयलाई रङ रोगन र केही पुनर्निर्माण गरेर प्रहरी चौकीको कार्यालय स्थापना गरिएको छ । सो भवनमा व्यारेक, कार्यालय प्रमुख कक्ष, आवास र भान्सा कोठा रहेका छन् । यसअघि नै स्थानीय दाताले प्रहरी कार्यालयका लागि ५ कट्ठा जग्गा दान दिएका थिए । अब बजेट निकासा भएपछि आफ्नै भवनबाट सेवा प्रवाह हुने प्रहरी निरीक्षक श्रेष्ठले बताए ।

बैगुनधुरामा प्रहरी चौकी स्थापना भएसंगै यस क्षेत्रका स्थानीयले प्रहरी सेवा लिनकै लागि अन्यत्र जानुपर्ने झञ्झटबाट मुक्ति पाएका छन् । वडाध्यक्ष सीताराम भट्टराईले भने- 'गाउँमा केही त्यस्तो घटना भयो भने ४५ मिनेट दुरीको धरमपुर प्रहरी चौकी र झण्डै १ घण्टा टाढाको इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी आउनु पर्थ्यो । अब तत्काल प्रहरी घटनास्थल पुग्न सक्छ ।'

बैगुनधुरामा हुने अपराध र अन्य सामाजिक विकृति विसंगति समेत प्रहरी कार्यालयको स्थापनाले कम हुनेमा स्थानीय बासिन्दा ढुक्क छन् । उनीहरुले भने 'शान्ति सुरक्षामा ठूलो सहयोग पुग्ने कुरामा हामी विश्वस्त छौं ।'

झापामा यस्ता प्रकृतिका अस्थायी प्रहरी चौकी १३ वटा छन् । कुनै पनि अस्थायी प्रहरी चौकीमा प्रहरी दरबन्दी हुँदैन । दरबन्दी भएका कार्यालयबाट काजमा प्रहरी खटाउँदा त्यस्ता कार्यालयहरुमा जनशक्ति अभाव हुने एक प्रहरी अधिकृतले बताए ।

## एसएसबीद्वारा ...

बरामद गरेको भारतीय एसएसबीले जानकारी दिएको छ ।

तस्करले पाँच पोकालाई फुटाएर १० पोका बनाएका थिए । ती पोकाहरूलाई तस्करीको माध्यमबाट लाइनमेनहरुले टाउकोमा बोकेर देवीवस्ती नाकाबाट भित्र्याउन खोजेका थिए । तर, उनीहरूको योजना भारतीय एसएबसीले बिफल बनाइदिएको छ । बरामद गरिएको कपडामा रेडिमेड, थान र सटिङ्गसुटिङ्ग रहेको एसएसबीले जनाएको छ । बरामद गरिएको कपडा बिहीबार दिउँसो भन्सार बुझाइसकेको जनाइएको छ ।

यता जिल्लाका सीमा नाकाहरूबाट तस्करी गतिविधि मौलाए पनि सम्बन्धित निकायले खासै चासो नदेखाउँदा भन्सारको राजश्वमा भारी गिरावट आएको कर्मचारीहरू बताउँछन् । 'भन्सार खुकुलो अर्थात् सेटिङ्ग हुँदा कारोबारी र व्यापारीले ठूलो परिमाणमा लत्ताकपडा दिनहुँ भन्सार ल्याउने गर्थे'- एक कारोबारीले भने- 'तर अहिले भन्सार कर्मचारी आफैं विवादमा परेपछि कडाइ गर्न थाल्दा प्रायः सबै तस्करीको माध्यमबाट लत्ताकपडा भित्र्याउन लागीपरेका छन् ।'

## महामन्त्री ...

परियार, शान्ति परियार विक र रुपा विक ।

**मधेशीतर्फ– ४ महिलासहित ९ जना**
अजयकुमार चौरसिया, चन्द्रमोहन यादव, महेन्द्रकुमार राय, विनोदकुमार चौधरी, दिनेशकुमार यादव, नागिना यादव, मञ्जुकुमारी यादव, मिनाक्षी झा र मुक्ताकुमारी यादव ।

**थारूतर्फ– २ महिलासहित ४ जना**
रामजनम चौधरी, योगेन्द्र चौधरी, कल्पना चौधरी र जीवन राना ।

**मुस्लिमतर्फ– १ महिलासहित ३ जना**
अब्दुल रज्जाक, अब्दुल सतार र जवेदा खातुन

**अल्पसंख्यकतर्फ–१ जना**
प्रदीपकुमार सुनुवार

**अपाङ्गता भएकातर्फ–१ जना**
मदनकृष्ण श्रेष्ठ

**पिछडिएको क्षेत्रतर्फ–१ जना**
अर्जुनबहादुर सिंह

**प्रदेशबाट– २१ जना**
प्रदेश १- अमृत अर्याल, राजीव कोइराला र महेन्द्रकुमारी लिम्बू
प्रदेश २ - रमेश रिजाल, आनन्द ढुंगाना र चित्रलेखा यादव
बागमती- राजेन्द्रकुमार केसी, ध्यानगोविन्द रञ्जित र उर्मिला नेपाल केसी
लुम्बिनी- देवेन्द्रराज कँडेल, चन्द्रबहादुर केसी र शिला शर्मा खड्का
गण्डकी- ध्रुब वाग्ले, कृष्णचन्द्र पोखरेल र सरस्वती अर्याल तिवारी
कर्णाली- कर्णबहादुर बुढा, राजीव विक्रम शाह र जानकी सिंह
सुदूरपश्चिम- यज्ञराज जोशी, रणबहादुर रावल र सुशीला मिश्र भट्ट

## अलपत्र ...

निवासमा नेपाली कांग्रेस प्रदेश परिषद् सदस्य भरतकुमार बुढाथोकी, रामकुमार बराइली, वाणिज्य संघका अध्यक्ष बसन्तकुमार सोमानी, नेपाली कांग्रेस झापाका जिल्ला सचिव कृष्ण हुमागाँई लगायत सहभागी थिए ।

यता भौतिक पूर्वाधार विकास कार्यालय झापाले भने चैत मसान्तसम्ममा सडक निर्माणको काम सम्पन्न गर्ने जनाएको छ । हाल सडक कालोपत्रे गर्ने काम ८० प्रतिशत सकिएको जनाउँदै चैत मसान्तसम्ममा सबै काम सम्पन्न गर्ने कार्यालयका प्रमुख रमेशकुमार श्रेष्ठले बताएका छन् । झण्डै दुई करोड रुपैयाँ मन्त्रालयले निकासा नगर्दा सडक निर्माणमा समस्या भएको उनको भनाइ छ । अर्थमन्त्रालयसँग रकम माग गरेको र मन्त्रालयले रकम निकासी गरे लगत्तै सडक निर्माण गरिने कार्यालय प्रमुख श्रेष्ठले बताए ।

मेची राजमार्ग अन्तर्गत मेची फिडर रोड निर्माण थालिएको चार बर्षसम्म सम्पन्न नहुँदा समस्या भएको स्थानीयले बताउँदै आएका छन् । यसअघि विभिन्न ठाउँमा पटक-पटक अवरोध पुऱ्याए पनि नियमनकारी निकायले ध्यान नदिँदा समस्या ज्यूँका त्युँ रहेको नेपाली कांग्रेस अर्जुनधारा नगर उपसभापति काफ्लेले बताए । समयमा सडक निर्माणको माग गर्दै त्यसअघि मागका स्थानीयवासी, जिल्ला प्रशासन कार्यालयसहित भौतिक पूर्वाधार कार्यालयमा डेलिगेसनमा समेत गएका थिए ।


**कर्मचारी चाहियो**
बिर्तामोड अतिथि सदन रोडस्थित फ्रेस हाउसका लागि खसी/कुखुरा काट्न र बेच्न जान्ने कर्मचारी तु-चाहियो ।
सम्पर्क : ९८१७०७६०४६

**होटल बिक्रीमा**
बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०६०३३१५३, ९८२६९०३२५५

**डा. रामकुमार सिटौला**
MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

**डा. सन्दिप चन्द्र श्रेष्ठ**
वरिष्ट फिजिसियन
MBBS (KTM) KU. MD (JRRMMC)
वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ
प्रत्येक दिन बिहान र बेलुका
सम्पर्क : सनसाइन मेडीसीन सेन्टर
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३-५३४१३२)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।





भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**साधारणसभा हुने बारेको सूचना**
यस संस्थाको १४औं बार्षिक साधारण सभा निम्न, मिति र समयमा हुने निश्चित भएको हुँदा सबै शेयर सदस्यहरुलाई पत्राचार गरिसकिएको छ । कुनै कारणवस प्राप्त नभएमा यसै सूचनालाई आधारमानी आफूसंग भएको परिचय-पत्र वा निमन्त्रणा पत्र अनिवार्य लिई साधारणसभामा उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
**तपसिल**
मितिः २०७८ पुस १० गते शनिवार
समयः विहान ठीक ११ बजे
स्थानः इन्द्रेणी पार्टी प्यालेस (पुरानो भद्रपुर रोड), बिर्तामोड, झापा
**समुन्नत बचत तथा ऋण सहकारी संस्था लि.,** बिर्तामोड-५, झापा (फोन नं. ०२३-५३५६५६)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

*कृति समीक्षा*

# पञ्चायतकालको नालीबेली



भुवन तामाङ

नेपालको राजनीति र शासन व्यवस्थामा झापा सधैँ शिखरमा रहने गरेको पाइन्छ। क्रान्ति, आन्दोलनको आँधी-हुरी ल्याउने र देशमा निर्णायक परिवर्तन गर्ने भूमिकामा झापालीहरु नै अग्रपंक्तिमा रहेका पाइन्छन्। धेरै कुरामा झापा र झापालीको चर्चा हुने गर्दछन्। देशको कुनै महत्वपूर्ण काममा झापालीले के गर्छन् ? भनेर सिङ्गो देशले प्रतिक्षा गर्ने गरिएको पाइन्छ। यस्तो विशेषता बोकेको झापा, पञ्चायत कालमा कस्तो थियो त ? ती सब नालीबेली तथा इतिहास समेटिएको एक पुस्तक यसै साल प्रकाशित भएको छ। त्यो पुस्तक हो अग्रज पत्रकार तथा लेखक 'नकुल काजी'को 'पञ्चायती झापा'।

पुस्तकका अध्यायहरुमा प्रवेश गर्नुभन्दा पहिला पुस्तकमा उल्लेखित विद्वान चुडामणि वशिष्ठको विचार मनन् गरौं, 'पत्रकार, लेखक आख्यानकार, कवि, निबन्धकार, व्यंग्यकार, अनुवादक, सम्पादक, प्रकाशक नकुल काजीलाई 'पञ्चायती झापा' पुस्तकले इतिहासकार पनि बनाएको छ। नेपाली पत्रकारिता र साहित्यमा राष्ट्रियरुपमा ख्याती कमाइसक्नु भएका चिरपरिचित नकुल काजी को हुनुहुन्छ र उहाँको योगदान के हो ? भनेर सूर्यलाई बत्ती देखाउने काम म गर्दिन। पञ्चायती व्यबस्था कसरी आयो ? कसरी पतन भयो ? पञ्चहरु कस्ता थिए र तिनको चरित्र कस्तो थियो ? राजनीतिक छलछाम कस्तो थियो ? इत्यादिको जानकारी पाउन मात्रै होइन, अनुभव नै गर्न यो पुस्तक पढ्नै पर्छ। पञ्चायत नभोगेका पाठकका निम्ति यो पुस्तक अत्यन्तै उपयोगी छ। आउनेवाला पिँढीका निम्ति यो पुस्तकले इतिहासको राम्रो पाठ पढाएको छ। यो पुस्तक पञ्चायतकालीन झापाको र सिङ्गै देशको यथार्थ दस्तावेजको रुपमा प्रस्तुत छ। साठी एक सठी वर्षे लेखनको ज्ञान, अनुभव र सिप कौशल फक्रिएको यो पुस्तक नेपाली साहित्य र इतिहासको अमूल्य निधि बनेको छ। यी विचारहरुबाट लेखक नकुल काजी र उनको यस पञ्चायती झापा कृति कुन विशेषता र स्तरका छन् भन्ने जान्न सकिन्छ।

पुस्तकमा उन्नाइस वटा भाग/अध्याय छन्। जसलाई एक, दुई गर्दै बिभक्त गरिएका छन्। भाग या अध्यायहरुमा पञ्चायतकालको झापा जिल्लाभित्रको पञ्चायती राजनीति, व्यवस्था, शासन, प्रशासन र पञ्चहरुका विशेषता, प्रवृत्ति, चरित्र, काम, घटनासहित सप्रसंग बेलिबिस्तार गरिएको छ। पुस्तकभित्रका लेखहरुले राजनीतिज्ञहरुमा त ज्ञान प्रवाह गर्दछ नै, अन्य क्षेत्रका पाठकवर्गका लागि पनि लेखहरु निकै उपयोगी छन्। जसले झापा मात्र होइन देशकै राजनीति, व्यवस्था, शासन, प्रशासनका अवस्था, चरित्र, प्रवृत्ति र सुधार गर्नुपर्ने क्षेत्र जान्न मद्दत पुग्नेछ।

**एक :** यस भागमा, पञ्चायत कालमा राजदरवारको हुकुम पञ्चहरु लगायत सबैले मान्नुपर्ने, हाली-मुहाली गर्ने पञ्चहरुको शोषणमा परेका पञ्चहरुको सर्वस्व लुटिएका, सत्यको पक्षमा लाग्ने गन्यमान्य नै भए पनि विद्रोह गर्दा पञ्चहरुको षडयन्त्रमा पर्नु परेका, कतिपयले पदको आडमा आँखा चिम्लेर आफ्नो दुनो सोझ्याएका लगायतका घटनाहरु उल्लेख गरिएका छन्।

**दुई :** यस भागमा, उबेलैदेखि पञ्चहरुमा पञ्च र पञ्चायतप्रति वितृष्णा पैदा हुँदै गएको, झापाका कतिपय पञ्चहरु जय देश जय नरेश भन्नुपर्नेमा जय देश जय गणेशसम्म भन्दथे, सिडियोको सुरक्षा गार्डलाई समेत मञ्चबाटै धन्यवाद ज्ञापन गर्ने पञ्चहरुका स्तरका प्रसंगहरु यहाँ उल्लेख गरिएएका छन्।


**तीनदेखि भाग पाँचसम्म :** उबेला हली-गोठालाका रुपमा भूमिगत बसेकाहरु आज देशको उच्च स्थानमा पुगेका, कथित उपल्लाहरुलाई सुरासुन्दरी र घुस मिलाइ दिएर पञ्च भएका, राजाको काखीको खटिरोबारे देशको शीर्ष सञ्चारमाध्यमले चर्चा गरेका, झापामा पञ्चहरुको जति नै ढलीमली चले पनि नेपाल कम्युनिष्ट पार्टी ( मार्क्सवादी लेनिनवादी) २०२८ साल जेठ ३ गतेबाट अस्तित्वमा आइ झापा विद्रोहले कोशेढुङ्गो स्थापित गरेको, २०४७ को निर्वाचनमा झापा विद्रोहका नायकहरु झापाको छ वटै निर्वाचन क्षेत्रबाट निर्वाचित भएका, पञ्चायती झापामा सैद्धान्तिक स्तर उठेका मानिनेहरुभन्दा लालबुझक्कड, ढेडअक्कली, लखनटट्टु, कानजुंगे, काँठे पञ्च मनुष्यहरुको ताइँफाइँ र फाइँफुइँले झापाको मात्र होइन देशकै पञ्चायत व्यवस्था ढल्ने स्थितिमा पुऱ्याएको यथार्थ लगायत घटनावली यहाँ लेखिएका छन्।

**छदेखि दशौं भाग :** २०३५ सालमा तत्कालीन राजारानी चन्द्रगढी झापा सवारी भएर फर्किएपश्चात राजारानी पैदल हिँडेका बाटामा छरिएका फूलहरु वृद्धवृद्धाहरुले भक्तिपूर्वक बटुलेर घर लगेका, राजारानीको पैतालाले टेकेका फूलहरु भगवानको चिनो या प्रसाद जस्तै मानेका, राजारानीका छायाँ परेका भन्दै स्वागतका लागि राखिएका घडाका पानी कतिपयले घरमा लगेका, शीरमा छर्की अभिषेक गरेका जस्ता जनस्तरको राजभक्ति रहेको तर पञ्चहरुको राजभक्ति चाहिँ नक्कली रहेको, विवेचना पत्रिकाको स्थान र पत्रिकाको हत्या, जनमत संग्रहमा निर्दलीय पञ्चायत पक्ष विजयी भएपछिको उन्मादले अन्ततः पञ्चायत व्यवस्थामाथि थप आक्रोश पैदा गर्ने किसिमको मनोविज्ञानलाई नै अझ प्रखर तुल्याएको, साम्प्रदायिक जनाधारशाली अगुवाहरु, ठाउँ-ठाउँका जिमिदार र तिनका वंशीय अंशियार वारिसहरु, थुम-थुमका ठालू र तिनका हनुमान चालिसेहरु, मौजा मौजाका मालिकहरु, इलाका इलाकाका धनी धनाढ्य साहू र कालाबजारेहरु इत्यादिसम्मका टाठा-बाठा, कमाउकान्ते, चङ्खे, चतुरे, प्रपञ्चका खप्पिसहरुका हातमा पञ्चायतको लगाम थमाइन थालिएका, चन्द्रगढीमा विवेचना घरमा विशेषगरी पञ्चहरुको एकपक्षीय कुतर्कहरु, अचाडुपन, ओठे राजभक्ति, पञ्चायत व्यवस्था पञ्चहरु कै हक भोगको मात्र हो भने जस्ता बकम्फुसे हाँक इत्यादि चर्चा हुने गरेका, २०३६ मा दरवारले जनमत संग्रह गर्नुपर्नाको कारणहरु उल्लेख गरिनुका साथै व्यवस्था अलोकप्रिय हुनमा त्यसका चालक कारण रहेका प्रसंग जोड्दै पञ्चायत असफल भए जस्तै आजको व्यवस्था पनि यसका चालकहरुका कमजोरीले असफल हुन सक्ने तर्फ सचेत गराइएका लगायतका चर्चा छन्।

**एघारौंदेखि पन्ध्रौं भाग :** पञ्चायती झापामा चुनावका मौसममा मात्र राजनीति रमाएर देख्न पाइन्थ्यो। तर, चुनावको मौसम सकिना साथ नेताहरु अर्को चुनाव नआएसम्मका लागि अलप हुने गर्थे, पञ्चायतकालीन झापामा पञ्चहरुले आफ्ना सहधर्मी युवाहरुका प्रतिभा, ऊर्जा र निष्ठाको अवमूल्यन गरेर अन्यायपूर्ण रुपमा पिछलग्गुमा मात्र सीमित राखेका, नेपालमै सर्वाधिक धेरैपटक शिलान्यास गरिएको भद्रपुर शहर नजिकको मेची पुल निर्माणार्थ उठाइएको कर २२ लाख ८० हजार रुपैयाँ तत्कालीन युवराज वीरेन्द्रले भ्वाम पारेका, लोककै अगुवाको कोटा गुथेकाहरु र निजामतीका टाउकेहरुले वन फडानी जस्ता विनष्टकारी लीला गरेका, झोरा या झोडा नामले प्रख्यात या कुख्यात झापाको वन विनाश पञ्चायतीकाल मै भएको, पञ्चहरुले कमाउनु कमाएका र क्यासिनोसम्म पुगेर पैसा उडाएका, झोडाको जग्गा दिने भन्दै गरीबहरुसँग पैसा उठाएका, तिनका माखामुन्द्रा खोसेर पञ्चहरुले बेची खाएका र राजदरवारभित्र राजतन्त्र कैद भएको लगायत प्रसंगहरु उल्लेख छन्।

**सोह्रौंदेखि अठारौं भाग :** झापाका आदिवासी जातजाति माथि कसरी बर्बर शोषण, दमन, दलन, जालसाजी, प्रपञ्च र अन्याय अत्याचार हुन्थे ? कसरी सयौं विगाह जमिनका मालिकलाई जालसाजी गरी उनीहरुको जमिनहरु हडपिन्थे, आ-आफ्ना महा जालीपन लुकाउन अरु कसैलाई जालीफटाहा बनाइएको कथा अनि जमिन मालिकहरु, आफ्ना जमिन जालीहरुबाट लुटिएपछि त्यही आफ्ना लुटिएका जमिनमा हली गोठाला भएर जीन्दगी बिताउनु परेका कथा, पञ्चहरु र व्यापारीहरुको मिलिभगतमा प्लाष्टिक भित्र्याउन ३७ सालमा प्रमुख नगदेबाली पाटाको मूल्य तिलस्मी ढङ्गले घटाइ किसानहरुलाई अपूर्व मारमा पारिएको, यसलाई बहुदलीय राजनीतिमार्गीहरुले जनमत संग्रहको अन्यायपूर्ण हारको तीतो पखाल्ने मसला बनाएका, झापामा भुइँ किसान संगठित भई आन्दोलनको दुन्दुभी बजेको, २०२८ देखि २०३१ सालको झापा विद्रोहले जुन प्रभाव स्थापित गरेको थियो, पाटा काण्डले त्यसलाई पोषण प्रदान गरेको लगायत नक्सलपन्थीहरुको प्रभाव झापामा पर्न थालेको प्रसंग उल्लेख छन्।

**भाग उन्नाइस :** अन्तिम भागमा, दुई अञ्चलाधीशहरुको प्रसंग छ। एक अञ्चलाधीश असाध्यै डेउडो र अर्का अञ्चलाधीश असाध्यै असल रहेका प्रसंग छन्। राजकाज सम्बन्धी मुद्दा लगाइएका पाँच योद्धाहरुलाई




अड्डासार गर्ने निहुँमा हत्या गर्ने काठमाडौंबाट आएका गृह मन्त्रीको योजना, दवाव असल अञ्चलाधीशले नमानेका तर गृह मन्त्रीले अन्य उपाय लगाएर ती पाँचलाई शहीद बनाइ छाडेको विषय, ती असल अञ्चलाधीशको कार्यकाललाई झापाको विकास निर्माणको कालको रुपमा सम्झना गरिएको बारे उल्लेख छ। अनि पुस्तकमा 'र यो पनि' उपशीर्षकहरुमा पनि विभिन्न घटना र प्रसंगहरु उल्लेख गरिएका छन्।

यसरी पञ्चायत कालको झापालाई हुबहुँ चिनाउने को हुन् त ? लेखक नकुल काजीको योगदानबारे कृतिमा उल्लेख विद्वान गोपाल गिरीको विचार निकै सान्दर्भिक रहेका छन्- 'झापालाई नजिकबाट चिन्ने र चिनाउने मान्छेको कमी हुँदै गएको छ। यस जिल्लाको इतिहास जान्ने, देखे-सुनेको र जानेको कुरा अरुले बुझ्नेगरी सदृश्य राखिदिने मानिसको खडेरी नै छ भन्दा अन्यथा हुँदैन। पुराना पुस्ताका जानकारहरु एक-एक गरेर ढल्दै गए। बाँकी रहेका अग्रजहरु मध्ये कसैले छिमले-छिमले ढङ्गले कुरा बक्लान्। तर, दस्तावेज कै रुपमा सिलसिला मिलाएर प्रस्तुत गर्ने क्षमता यस पुस्तकका लेखक आदरणीय नकुल काजीभन्दा उपयुक्त व्यक्ति अरु हुन सक्छन् भन्ने मलाई लाग्दैन। तीस वर्षे पञ्चायती कालखण्डमा झापालाई कर्मथलो बनाएर निरन्तर कलम र कागजको खेतीप्रति समर्पित तत्कालीन शासन सत्ताधिकारीहरुको तिखो आलोचकको रुपमामा चर्चित पत्रकार नकुल काजीले पञ्चायतकालको झापालाई जति पर्गेल्नु भएको छ। सम्भवतः अर्को कलमले झापालाई न्याय गर्दैन भन्ने मेरो ठम्याइ हो। लेखक काजीले ती दिनको झल्को दिनेगरी महाभारतको लडाइँमा सञ्जयले दिव्यदृष्टिबाट नियालेर अन्धा धृतराष्ट्रलाई युद्धको सत्य घटना विवरण रिट्ठो नबिराई कहे जस्तो गरी तत्कालीन झापाको परिदृष्यबारे उल्लेल गर्नुभएको छ।' यी विचारबाट पनि 'पञ्चायती झापा' कृतिको गहनता उच्च रहेको थाह लाग्दछ।

पुस्तकका लेख अनुसार, पञ्चायती व्यवस्था बिफल हुनुमा, देशको शासन सञ्चालन गर्नेहरुले राजदरवारलाई ढाँटिरहनु, राजदरवारले पनि हुकुम गरेपछि सबैले टेर्नुपर्छ भन्ने घमण्ड पाल्नु, अन्तर्राष्ट्रिय घटना र नेपाली जनताहरुको चाहनाको विकासबारे अध्ययन नगर्नु र केन्द्र, अञ्चल र जिल्लाका साना ठूला पञ्चहरु र कर्मचारीतन्त्रले देशको स्रोतसाधन र सम्पदामा हालीमुहाली, भ्रष्टाचार, लुट मच्चाउनु, पञ्चायत इतर विचार राख्ने पक्षप्रति दमन गर्नु र जनता उपर तानाशाहीपन, अन्याय अच्याचार, ज्यादती गर्नु नै मुख्य कारण रहेको देखिन्छ।

आजको अवस्थाका बारेमा, पुस्तकमा उल्लेख कृतिकार स्वयम्को यो भनाइ निकै सान्दर्भिक छ- 'सिद्धान्त र वादहरु त अनुगतहरु कै अभ्यास भूमिको खस्रो गेगरमा पछारिइएर घाइते भइरहेका छन्। राणाकाल र राजाकालमा भक्ति र चाकरीको व्यापार बराबरी नै पन्पाएका थिए। परिस्थिति, प्राविधिक तरिका र शक्ति प्रयोक्ताहरुका अनुहार परिवर्तन भएर के भो र ? अहिले पनि सारभूत शासकीय प्रभुत्वको डङ्का, दलन, शोषण, प्रवञ्चनायुक्त चलखेलको रमिता उस्तै छ। भुइँनागरिकका लागि परिवर्तनका हाँकहरु कौडेहरुका उटुङ्गी र लैबरे गफका बेटुङ्गे विषय जस्तै मात्र प्रतीत हुँदैछन्।'

नेपाली राजनीतिमा पात्रहरु र व्यवस्था परिवर्तन भए तर राजनीतिक पात्रगत शैली, चरित्र, प्रवृत्ती र शासन, प्रसाशन अनि देश र जनताको अवस्था उस्तै रहेका यथार्थ उजागर गर्नु पनि यस पुस्तक सिर्जना हुनुको उद्देश्य रहेको पाइन्छ। यस छोटो लेख, प्रस्तुत पुस्तकभित्र लेखिएका बृहत घटना, प्रसंग र पाटाहरु चिहाउने आँखी झ्यालको केवल एउटा सानो प्वाल मात्र हो। पुस्तकमा धेरै-धेरै पात्रहरुका नामसहित उनीहरुले गरेका यावत कार्यहरु, ठाउँहरुका नाम साथै धेरै-धेरै कुराहरु उल्लेख गरिएका छन्। जसको अध्ययनले अग्रज राजनीतिज्ञहरुलाई थुप्रै कुराको सम्झना गराइ अझ परिपक्व बनाउने छ भने नवप्रवेशीहरुका लागि त यो पुस्तक अध्ययन अपरिहार्य नै हुनेछ। जसबाट विगतमा देशको राजनीतिको केन्द्रमा रहेको झापा, पञ्चायती झापाको इतिहासको ज्ञान मिल्नेछ। पुस्तकले सही दृष्टिकोण निर्माणका लागि मार्गदर्शन गर्दछ।

सरल तर निकै गहन, प्रखर, चोटिलो, रोचक, ठेट, झर्रो, व्यंग्यात्मक र मीठासपूर्ण शब्दहरु र वाक्यहरुले युक्त लेखक नकुल काजीको यो कृतिमा, पञ्चायतकालको झापाको यावत घटनावली समेटिएका छन्। परिपक्व राजनीतिज्ञ, देशका सञ्चालक या प्रशासक निर्माणमा यो कृतिको अध्ययन निकै सार्थक हुनेछ। स्व-अध्ययनकर्ताहरु, अनुसन्धाताहरुका लागि मात्र होइन, झापा र सिङ्गो नेपालको लागि यो कृति एक निधि, मानक र ऐतिहासिक दस्तावेज बनेर आएको छ। त्यसैले सबैले 'पञ्चायती झापा' कृति एकपटक पढौं र आफ्नो ज्ञानको भण्डार समृद्ध बनाऔं।

---

कविता

## बुद्धिमानी साथी

जसलाई खबर दिन्छौ
ऊ बेखबर साथी ।
स्पर्श गरेर बरफ
रूईको अनुभूति लिन्छौ
बेचेर हात्ती गधा किन्छौ
काटेर बाउको शिर दुस्मनको हात दिन्छौ
वाह ! क्या बुद्धिमानी साथी ।

थाह छैन उसलाई
विद्वान र बुद्धिमानीका कुन पहाड अग्ला हुन् ?
भाँच्चिनु र टुक्रिनुको
पीडा एउटै हुन् कि फरक हुन् ?
थाह छैन उसलाई आगो के हो ?
र त खेल्छ ऊ आगोसँग
बेफिक्री भएर एउटा बालक झैं

चिन्दैन ऊ साँप र बाबियोको डोरी
र त खेल्छ ऊ बेफिक्री भई हातले समाएर
आमाको घाँटीको तिलहरी झैं ।
जसलाई खबर दिन्छौ
ऊ बेखबर छ साथी
वाह ! क्या बुद्धिमानी साथी

साथी त यस्तो पो साथी
तिमी के कस्तोको साथी
बनेर गधा
बोकेर पिठ्युँमा किताबको भारी
भोकमा घाँस चर्दछौ
वाह ! क्या बुद्धिमानी मेरो साथी ।

**– राजबाबु श्रेष्ठ 'सागर'**

---

# इसाईको पर्व क्रिसमस



संगीता रौनियार

विश्वमा धर्महरु त धेरै छन्। तर, मुख्य रुपमा इसाई, इस्लाम, हिन्दू र बौद्ध यी चारै धर्म एशियाबाटै शुरु भएको मानिन्छ। विभिन्न तवर र तरिकाबाट सबै अनुयायी आफ्नो-आफ्नो धर्म निर्वाह गर्छन्। धार्मिक चिन्तन मन्थन र उपासना अध्यात्मवादको लागि श्वासप्रश्वास जस्तै हो। आजभोलि सबै धर्मप्रेमीहरुबीच धार्मिक सहिष्णुता बढ्दै गएको पाइन्छ। इसाईहरुको महान पर्व क्रिसमस पनि इसाईहरु मात्र नभएर अन्य धर्मका अनुयायी र युवाहरुले मनाउने गर्छन्।

इसाईहरु चर्चमा गएर यशुको प्रार्थना, साथीहरुसँग शुभकामना आदान-प्रदान गर्ने, नयाँ लुगा लगाउने, मिठो खाना खाने, घुम्न जाने, नृत्य गर्ने, क्यारोल खेल्दै क्रिसमस मनाउँछन्। नेपालमा विगत ५० वर्षदेखि क्रिसमस मनाउँदै आएको इतिहास छ। २०६२/०६३ को दोस्रो जनआन्दोलनको प्रतिफलमध्ये धर्म निरपेक्षता पनि एक हो। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न त्यसको आधारभूत मूल्य र मान्यतालाई उपेक्षा गर्न मिल्दैन।



आज क्रिसमस डे

इ.पूर्व. ७५० वर्ष पहिला नै बाइबलको सातौं अध्यायको १४ पदमा र मिका भन्ने पुस्तकको पाँच अध्यायको दुई पदमा परमेश्वरको आत्माद्वारा भविष्यवाणी भए अनुसार 'मसिहा' अर्थात् खिस्ट मुक्तिदाता त्यही समयमा जेरुसेलमको बेथलेहेम गाउँमा एक कन्या केटीको गर्भबाट जन्मिएका हुन्। आज संसारभरका इसाईहरुले येशु खिस्टलाई मुक्तिदाता र शान्तिदाता पनि भन्ने गर्छन्।

वर्तमान नेपालको परिप्रेक्षमा शान्ति र मुक्तिको आवश्यकता टड्कारो रुपमा छ। इसाईहरुको मान्यता र विश्वासको आधार भने कै सृष्टिकर्ता ईश्वर हुनुहन्छ। मानव जातिको पाप र अधर्म मेट्न आउनु भई धेरै अचम्म र अचम्भित कामहरु गर्दै क्रसमा झुण्डिएर उहाँले बलिदानको कार्य सम्पन्न गरिसक्नुभएको छ। तर, पनि उहाँ जिउँदो हुनुहुन्छ र यशु एकदिन फेरि उहाँमाथि विश्वास गर्ने सबैलाई लिन आउनुहुनेछ भन्ने मान्यता सबै इसाई धर्मावलम्वीले राख्छन्।

यशुका अनुयायीहरुले सांसारिक राज्य र प्रशासनको प्रसंगमा परमेश्वरको राज्य र अनन्त जीवनमा नै बढीभन्दा बढी ध्यान दिन आज्ञा दिएका छन्। संसारमा पाप व्याप्त भएकाले मानिसभित्र कुविचार, कुभावना जस्ता कुराले बास गरी मानिसबाट हत्या, हिंसा, आतंक, भ्रष्टाचार, व्यभिचार, बलात्कार बढेर जाने कुरा यशुले प्रष्ट पारेका छन्। संसारको अन्त्य नजिक आउँदा यस्ता पाप कर्म बढ्दै जाने र अनिकाल, भुइँचालो, जातिविरुद्ध जाति, राज्यविरुद्ध राज्यबीच आतंक र युद्ध हल्लाहरु सुनिनेछन् भनी बाइबलको मत्ती भन्ने पुस्तकको २४औं अध्यायमा लेखिएको छ।

रोमी शासकहरुले उतिबेलाका इसाईहरुलाई अति दुःख दिने गर्थे, धेरै मानिसलाई मारियो दास बनाइयो। कतिपयलाई जिउँदै सिंहको आहार बनाइयो। तर, पनि इसाईहरु दिनदिनै बढ्दै गए। लगभग ३१० मा रोमी सम्राट कन्स्टाइन्ट आफै येशु खिस्टमा विश्वास गरे र सम्पूर्ण रोमी नागरिकहरुलाई सहर्ष क्रिस्चियन भएपश्चात रोमीहरुबाट अन्य देश पनि स्वतन्त्र हुँदै गएर मानिसहरुमा शान्ति भयो।

संसारको उत्पत्ति र त्यसको सृष्टिको वर्णनमा छैटौं दिनसम्म ईश्वरले सृष्टिका यावत थोक सृष्टि गरिसकेपछि सातौं दिनमा उहाँले विश्राम गर्नुभएकाले त्यो दिन मानिसहरुले पनि विश्राम मनाउने प्रथा बाइबलबाट आएको हो। त्यसैले विश्वभरिका इसाई राष्ट्रहरुमा साप्ताहिक विदा दिइने र लिने चलनको शुरुवात ईश्वरबाट नै भएको हो भन्ने विश्वास इसाईहरुले गर्छन्।

साथै सृष्टिका प्राणीहरु मध्ये उच्चस्तरको प्राणी र ईश्वरसँग संगत गर्न सक्ने प्राणी मानिस भएकाले ईश्वरले आफ्नो अमूल्य सृष्टि मानिसलाई पापमा व्याप्त भएकै अवस्थामा छाड्न चाहनु भएन। यसर्थ उहाँको असीमित प्रेमको कारण आफैं देह (येशु)मा आउनुभयो। हाम्रो देशमा पनि दिगो शान्ति र विकासका लागि आध्यात्मिक चिन्तन अपरिहार्य भइसकेको छ। हामी सम्पूर्णलाई सृष्टिकर्ता, उद्धारकर्ता प्रभुले शान्ति, विकास र मेलमिलापतर्फ डोऱ्याउन् सम्पूर्ण मानिसमा क्रिसमसको शुभकामना।

# इक्यान पूर्वाञ्चलमा लकान्द्री



**बिर्तामोड, पुस ९।** नेपाल शैक्षिक परामर्श संघ इक्यान पूर्वाञ्चल शाखाको अध्यक्षमा प्रकाश लकान्द्री निर्वाचित भएका छन् ।

इक्यान पूर्वाञ्चल शाखाको धनकुटामा भएको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशनले लकान्द्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नव निर्वाचित कार्यसमितिमा उपाध्यक्ष दीपक गौतम, सचिव रबिकुमार गुप्ता, कोषाध्यक्षमा हेमजीवान निरौला रहेका छन् ।

त्यस्तै सदस्यहरुमा दुर्लभ कार्की ,रोजन थापा, गोपाल निरौला रहेका छन् । इक्यान पूर्वाञ्चल शाखाका अध्यक्ष रोशन निरौलाको अध्यक्षता तथा इक्यानका केन्द्रीय अध्यक्ष प्रकाश पाण्डेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा इक्यानका केन्द्रीय उपाध्यक्ष शेषराज भट्टराई, केन्द्रीय सचिव बासुदेव दाहाल, केन्द्रीय सहसचिव कर्ण गुरुङ, केन्द्रीय सदस्य पुष्पराज भट्टराई, इक्यान पूर्वाञ्चल शाखाका सल्लाहकार संयोजक कमल तिम्सिना, जे सर्टका महेश श्रेष्ठ, इक्यान झापा शाखा प्रतिनिधि नवीनकुमार शिवाकोटी लगायतले नव निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिएको इक्यान पूर्वाञ्चलका उपाध्यक्ष तथा ग्लोवल टच एजुकेशन फाउण्डेशनका प्रवन्ध निर्देशक दीपक गौतमले जानकारी दिए ।

# पशु अस्पताललाई जग्गादान

**पथरीशनिश्चरे, पुस ९।** मोरङको पथरीशनिश्चरे-३ मा निर्माण हुने पशु अस्पतालका लागि स्थानीय जनताले तीन कठ्ठा दुई धुर जग्गादान गरेका छन् ।

पिपलचोक पूर्व मदन भण्डारी कृषि मार्ग नजिकमा पशु अस्पताल भवन निर्माणका लागि स्थानीय इन्द्रदेवी कोइराला परिवारले दुई कित्ताबाट गरी तीन कठ्ठा दुई धुर जग्गा उपलब्ध गराएका हुन् ।

वडा कार्यालयको नाममा जग्गा रजिष्ट्रेशनपछि नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोलाले जग्गा अवलोकन गर्दै स्थानीय दाताहरुको यसप्रकारको सहयोगमा कृषि तथा पशुपन्छीको विकास तथा वडा र आधारभूत स्वास्थ्य कार्यालयहरु निर्माणका लागि नगरले सक्दो पहल गरिरहेको जानकारी दिइन् ।

वडाध्यक्ष डम्बरबहादुर चेम्जोङ, वडा सदस्य देवीप्रसाद घिमिरे, नगर पशुपन्छी शाखा प्रमुख हेमचन्द्र दाहाल, पशु प्राविधिक पर्वत साह, अमिन सागर श्रेष्ठसहित स्थानीयबासीले जग्गाको अवस्था अवलोकन गरेका थिए ।


उक्त स्थानमा नेपाल लाभइस्टक सेक्टर इनोभेसन आयोजनाले विश्व बैंकको सहयोगमा अस्पताल निर्माण गर्ने बताइएको छ ।


## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको बडी ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ ।
सम्पर्क : ९८०८३२७४५०

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## आवश्यकता

यस कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
पदः P.R.O. / MR
योग्यता : SEE / +2, सो सरह
तलबः १५०००/-
कागजातः नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, पीपी साइजको फोटो ५ प्रति ।
सम्पर्कः ग्रीन मार्ट प्रा. लि.
बिर्तामोड-५, झापा शनिश्चरेरोड
फोन : ९८६६६७२५७९, ९८२९३१८७३६

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## गोदामसहित जग्गा भाडामा

बिर्तामोड नगरपालिका-१ खाद्य संस्था पूर्व कम्पाउण्डले घेरेको, महेन्द्र राजमार्गदेखि १ घडेरी छोडेर ५० मिटर उत्तरमा सबै कुराको व्यवस्था भएको, जुनसुकै पेशा, व्यवसाय गर्न मिल्ने जग्गासहितको गोदाम भाडामा रहेको छ । इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।
मो. ९८२४०१२१२२, ९८४२६५६५७८

## थाहै नपाई जाँडरक्सीको कुलतबाट मुक्त

साथै यौवन कमजोरी, शिघ्रस्खलन, बाथ नसा रोगी, पायल्स फिस्टुला, दम खोकी, चिनी रोग, पथरीया, प्रेसर, ग्याष्ट्रिक, कब्जीयत, महिलाहरुको पाठेघरको समस्या सेतो पानी बग्ने महिनावारी गडबढी सबैको उपचार हुन्छ ।
कोरोनाको बन्दपछि पसल शनिश्चरेरोड शिखरबजार पछाडि सरेको छ ।
**फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा**
शनिश्चरे रोड, शिखर बजार पछाडि बिर्तामोड, झापा
फोन : ९८४२६४३६१८, ९८१७९४१९७९, ९८०७९९४८८०

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

पर्फेक्ट ट्रेनिङ सेन्टरद्वारा
दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ तथा ड्राइभिङ ट्रेनिङ
तालिम पश्चात रोजगारीको व्यवस्था साथै
विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।



फोन : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
स्थान : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## कर्मचारी आवश्यकता

यस नटराज एग्रो प्रा. लि.का लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पद : सेल्स मेन संख्या : ३ जना
योग्यता : +२ पास
*सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिइनेछ ।*
तलब : आपसी समझदारीमा
सम्पर्क :
**उपकार ब्राण्ड**
नटराज एग्रो प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
फोन नं. : ९८६२२७४४०५, ९८२०७१६११३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## जिल्ला निर्वाचन कार्यालय

भद्रपुर, झापा

### मतदाता नामावली नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरूलाई मतदाता नामावलीमा नाम दर्ता गराउने जिल्ला निर्वाचन कार्यालय झापाको अत्यन्त जरुरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय झापाले मिति २०७८/०८/१७ गतेदेखि मतदाता नामावली नाम दर्ता टोली खटाउँदैछ । नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तद्नुरुपको कागजातहरु लिई उपस्थिति हुनका लागि अनुरोध गरिन्छ ।

तपशिल

| क्र.सं. | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | बिर्तामोड नपा, अर्जुनधारा नपा, हल्दिबारी गा.पा. कमल गा.पा., शिवसताक्षी नपा र कन्काई नपा | वि.सं. २०७८/०८/१७ गतेदेखि वि.सं. २०७८/०९/०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| २. | मेचीनगर नपा, बुद्धशान्ति गा.पा., कचनकवल गा.पा., गौरादह नपा, झापा गा.पा., बाह्रदशी गा.पा. | वि.सं. २०७८/०९/०४ देखि २०७८/०९/१८ गतेसम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| ३. | भद्रपुर न.पा. | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा |
| ४. | दमक न.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय दमक, झापा |
| ५. | गौरीगञ्ज गा.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापा |

**आवश्यक कागजातहरु**
१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाणपत्र मात्र ।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाण पत्र र बसाइसराईको सक्कल प्रमाण पत्र ।
३. विवाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमतीको नागरिकता तथा विवाह दर्ताको सक्कल प्रमाण पत्र ।
द्रष्टव्यः बाहिर जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगाना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यालय भद्रपुर झापामा मिति २०७८/०८/१७ देखि २०७८/०९/१८ सम्ममा सम्पर्क राख्नु होला ।

जिल्ला निर्वाचन कार्यालय — तुलसीकुमार नेपाल : जिल्ला निर्वाचन अधिकारी


## ठाकुर पोलिक्लिनिकमा विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914
Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**डा. शम्भु नवल**
MBBS MS (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Lepeoscopic & Uro-Surgeon
समयः दैनिक बिहान ७-८ बजेसम्म

**डा. शशांकराज पोखरेल**
(MBBS) MD (Psychiatry) BPKIHS, Dharan
वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ
समयः प्रत्येक दिन दिउँसो ५ बजेपछि

**डा. लभराज लोहनी**
Fellowship Of Rheumatologist
(AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
समयः प्रत्येक बिहान ७-९ बजेसम्म, साँझ ५-६ बजे

**डा. केशव ढकाल**
MBBS MD (BPKIHS) Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समय : प्रत्येक दिन २ बजेपछि

**डा. विवेक रौनियार**
MBBS MD (Neuro Physician) NMC
वरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ
समयः प्रत्येक शनिबार मध्यान्न १२ बजेपछि

**डा. केशव मण्डल**
MBBS (BPKIHS) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक बिहान ८-१० बजे र साँझ ५ बजेपछि

**डा. अरूण फुयाल**
MBBS MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समयः दैनिक बिहान ७-८ बजेसम्म साँझ ५ बजेपछि

**डा. धीरज गिरी**
MBBS, MS (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
दैनिक सेवा

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

## विशेष छुटका साथ स्वास्थ्य जाँच सम्बन्धी सूचना

**डा. पिताम्बर ठाकुर**
MBBS, MD (TU) NMC-1914] Consultent Physician
ओ.पी.डी. ५०% छुट - पौष ४ गतेदेखि ७ गतेसम्म, ओ.पी.डी. २५% छुट- पौष ८ गतेदेखि १५ गतेसम्म
**सुगर टेस्ट र पिसाब जाँच निःशुल्क, *पुस १ गतेदेखि १५ गतेसम्म***
भिडियो एक्स-रे, इसीजी, एक्स-रे, प्याथालोजी सेवामा २५% छुट, पुस १ गतेदेखि १५ गतेसम्म
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१


## श्री चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह

माई नपा-६, इलाम

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति :* २०७८/०९/१०

यस श्री चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०७८/०९/०७ को चन नं. ३६२७ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजान लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्रमा शिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

| लट नं. | जात | स्तर (ग्रेड) | | | | | | | | | जम्मा | | प्रयोजन | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | | बी | | | सी | | | | | | |
| | | थान | परिमाण (क्यु.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यु.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यु.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यु.फि.) | | |
| १ | साल गोलिया | ७ | ९४.९९ | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधाधर मानी | ८ | ७५.८० | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधाधर मानी | ४ | २७.४१ | प्रचलित राजश्व र स्थानीय बजार मूल्यलाई आधाधर मानी | १९ | १९८.२० | समूह बाहिर | |

**श्री चुलाचुली डढुई सा. व. उ. समूह,** माई नपा-६, इलाम



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
मान प्रतिष्ठामा वृद्धि हुनेछ, स्वास्थ्य थोरै अनुकूल बनेर जानेछ, गर्दै गरेका कामहरूबाट विशेष लाभ मिल्ने योग छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
समय उत्तम फलदायी छ, चिठ्ठा तथा उपहार प्राप्तिको योग छ, छोटो दूरीको रोमान्टिक यात्रा हुने योग छ, मन हर्षित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धन लाभ प्राप्त हुन सक्छ, व्यापार-व्यवसायमा सन्तुष्टीजनक नतिजा प्राप्त हुन सक्ला, दाम्पत्य सुख र सुखद् यात्राको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
कार्यसिद्ध होला, तपाईको तारिफ गर्ने मान्छेहरूको भिड देख्नु हुनेछ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
चन्दमा तपाईको शिरमा रहेकोले हरेक काममा सफलताले शिखर चुम्नेछ, सुख र आनन्द प्राप्त हुनेछ, दाम्पत्य सुख आदि प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
तपाईको लागि आजको दिन अनुकूल नरहला, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, आफ्नो स्वास्थ्यको विशेष ध्यान दिनु होला फजुल खर्च बढेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
व्यापार-व्यवसायमा फाइदा हुनेछ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुनेछ, मन प्रसन्न रहला, विपरीत लिङ्गीबाट सहयोग मिल्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
स्वास्थ्यको ख्याल राख्नुहोला मन अशान्त रहनेछ, व्यर्थको कार्यमा आफ्नो समय र धन खर्च हुनेछ, भइपरी आउने खर्चको सन्तुलन नमिल्नाले मन खिन्न हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
कार्यसिद्धी होला मान-सम्मानमा बृद्धि हुनेछ, अधुरा कामहरू पुरा हुने छन् शत्रुमाथि विजय प्राप्ति हुनेछ, सन्तान सुख मिल्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
धार्मिक कार्यमा मन जानेछ, लामो दूरीको यात्रा सफल रहनेछ, यो अवधिमा गरिएका यात्राहरू फलदायि हुने छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
स्वास्थ्यको विशेष ख्याल राख्नुहोला शरीरमा आलश्यता पैदा हुन सक्छ, आकस्मिक संकटको सामना गर्नुपर्ने हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
शत्रुमाथि विजय प्राप्त हुनेछ, धन र स्वास्थ्य लाभ, सुख प्राप्त हुने योग भए पनि, व्ययभार बढनेछ, सतर्क रहनुहोला ।